वराहपोखरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाघखोर भञ्याङ, खोटाङ

# बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०९/०९

यस कार्यालयबाट चालु आ.व.२०७५/०७६ मा यस कार्यालयको लागि हल सहितको प्रिफ्याव (Prefab) भवन, कार्यालय परिसरममा पुरुष र महिला शौचालय सहित बोलपत्रको माध्यमबाट निर्माण गराउनु पर्ने भएकाले निर्माण व्यवसाय ऐन, २०५५ बमोजिम नियमानुसारको इजाजतपत्र प्राप्त इच्छुक निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वकको बोलपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. अद्यावधिक नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७४/०७५ सम्मको आय कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु र निवेदन सहित नगद रु.३,०००।- (अक्षरुपी तीन हजार) मात्र बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) औं दिन (२०७५/१०/०८) कार्यालय समयभित्र यस कार्यालबाट इच्छुक बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी बोलपत्र शिलबन्दी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोप्राइइटरको नाम र ठेगाना, फोन नम्बर, मोवाइल नम्बर समेत स्पष्ट खुलाई फर्मको आधिकारिक छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ (एकतीस) औं दिन (मिति २०७५/१०/०९) गतेका दिन दिउँसोको १२:०० बजे सम्मभित्र यस कार्यालय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ (एकतीस) औं दिन ( मिति २०७५/१०/०९) गतेका दिन दिउँसो ठीक १:०० बजे कार्यालयका प्रतिनिधिहरु तथा बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयलाई उक्त प्रयोजनका लागि मान्यता दिइनेछ ।

६. बोलपत्र फारामका साथ जमानत बापतको रु.२,२५,०००।- (अक्षरुपी दुई लाख पच्चीस हजार रुपियाँ मात्र) कोष तथा लेख नियन्त्रक कार्यालय, खोटाङ, दिक्तेलको राष्ट्रिय वाणिज्य बैंक, खोटाङ, दिक्तेलमा रहेको धरौटी खाता नं.२०६०३०३००७११ मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिडवन्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको बिडवन्डको सक्कल संलग्न राख्नु पर्नेछ ।

७. शर्तहरुमा रहेको रीत नपुगी वा म्याद नाघेको वा कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरु मान्य हुने छैन ।

८. बोलपत्रमा आइटम वाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्र दाताको सहीछाप अनिवार्य हुनु पर्नेछ ।

९. कुनै कारण जनाई बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्वन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

११. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित), स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसारको हुनु पर्नेछ ।

१३. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. विगत २ वर्ष ६ महिनाको समयभन्दा बढी यस प्रिफ्याव (Prefab) भवन निर्माण कार्यमा कार्य अनुभव प्राप्त निर्माण व्यवसायी हुनु पर्नेछ ।

वराहपोखरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाघखोरमहभ्याङ, खोटाङ
१ नं. प्रदेश, नेपाल

१५. उक्त प्रिफ्याव (Prefab) भवन निर्माण कार्य सम्झौता भई कार्यादेश प्राप्त भएको मितिले ६० (साठी) दिनभित्र निर्माण कार्य सम्पन्न गरी यस कार्यालयलाई हस्तान्तरण गरिसक्नु पर्नेछ ।

१६. प्रिफ्याव (Prefab) भवन निर्माण कार्यमा आवश्यक पर्ने दक्ष जनशक्ति, प्राविधिक यन्त्र उपकरण तथा औजार लगायत आवश्यक हेभि इक्वइपमेन्ट स्वयम् आफैंसँग भएको निर्माण व्यवसायी हुनु पर्नेछ ।

१७. बुँदा नं. १४, १५ र १६ मा उल्लेखित शर्तहरुको प्रमाण पुग्ने आधिकारिक विश्वसनीय कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

१८. माथिका उल्लेखित शर्त बमोजिम तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई गाउँकार्यापालिका तथा गाउँसभाको निर्णय र प्रचलित ऐन कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.इ.रकम रु.( भ्याट सहित) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०७५/०७६ | मिटिङ हल, पार्किङ स्थल, महिला र पुरुष शौचालय सहितको वा कार्यालयले तयार पारेको ड्रइङ, डिजाइन र Detailed Estimate बमोजिमको प्रिफ्याव (Prefab) भवन निर्माण | ७५,००,०००।- (अक्षरुपी पचहत्तर लाख रुपियाँ मात्र) | रु.२,२५,०००।- ( अक्षरुपी दुई लाख पच्चीस हजार रुपियाँ मात्र) | ३,०००।- (अक्षरुपी तीन हजार रुपियाँ मात्र) | |

घनश्याम भुजेल
प्रमुख प्रशासकीय अधिकृत

पेज नं०-३.